Samling Power Company Ltd

# सामलिङ्ग पावर कम्पनी लिमिटेड

ललितपुर, नेपाल

## पाँचौ वार्षिक साधारण सभा सम्बन्धी सूचना

**दोस्रो पटक प्रकाशित मिति : १६ पौष २०८०**

शेयरधनी महानुभावहरु,

यस सामलिङ्ग पावर कम्पनी लिमिटेडको संचालक समितिको मिति २०८०/०९/०४ (तदनुसार डिसेम्बर २०, २०२३) गतेको दिन बसेको संचालक समितिको बैठकको निर्णय बमोजिम कम्पनीको पाँचौ वार्षिक साधारण सभा निम्न विषयहरु उपर छलफल गर्न देहाय बमोजिमको मिति, स्थान र समयमा बस्ने भएको हुँदा कम्पनी ऐन २०६३ को दफा-६७ अनुसार शेयरधनी महानुभावहरुको जानकारीको लागि यो सुचना प्रकाशित गरिएको छ ।

**सभा बस्ने मिति, समय र स्थान :**

**मिति** : २०८० साल पौष २७ गते शुक्रबार (तदनुसार १२ जनवरी, २०२४)

**समय** : बिहान १०:३० बजे, उपस्थिति पुस्तिका बिहान ९:३० बजेदेखि नै खुल्ला राखिने छ ।

**स्थान** : द ईन्ट्रान्स क्याफे, चाकुपाट, ललितपुर ।

**वार्षिक साधारण सभाको छलफलका विषयहरु :**

**क) सामान्य प्रस्तावः**

१) आ.व. २०७९/०८० को संचालक समितिको प्रतिवेदन उपर छलफल गरि पारित गर्ने ।

२) आ.व. २०७९/०८० को लेखापरीक्षकको प्रतिवेदन र अनुसूची सहितको वित्तिय विवरणहरु उपर छलफल गरि सोलाई पारित गर्ने ।

३) कम्पनी ऐन २०६३ को दफा १११ अनुसार आ.व.२०८०/०८१ को लागि लेखापरीक्षक नियुक्त गर्ने र निजको पारिश्रमिक निर्धारण गर्ने । (हाल कायम लेखा परीक्षक चार्टड एकाउन्टेन्ट फर्म श्री एस.डि. एण्ड एशोसियट्स पुनः नियुक्तिको लागि योग्य हुनुहुन्छ) ।

४) संचालक समितिबाट सिफारिश भई आएबमोजिम स्वतन्त्र संचालक नियुक्त गर्ने सम्बन्धमा ।

५) समूह "क" अन्तर्गतका शेयरधनीहरु मध्येबाट ४(चार) जना संचालकहरुको निर्वाचन गर्ने सम्बन्धमा ।

६) विविध ।

**संचालक समितिको आज्ञाले**

**कम्पनी सचिव**

### वार्षिक साधारण सभा सम्बन्धी जानकारी

१) यस कम्पनीको पाँचौ वार्षिक साधारण सभा प्रयोजनका लागि मिति २०८०/०९/१७ गते १(एक) दिनका लागि कम्पनीको शेयर दाखिल खारेज बन्द हुनेछ । मिति २०८०/०९/१७ गते भन्दा अघिल्लो दिनसम्म अर्थात २०८०/०९/१६ गतेसम्म नेपाल स्टक एक्सचेन्ज लिमिटेडमा शेयर कारोबार भई सो को ७ (सात) कार्यदिन भित्र यस कम्पनीको शेयर रजिष्ट्रार नेपाल एसबिआई मर्चेण्ट बैंकिङ्ग लिमिटेडमा प्राप्त शेयर नामसारीको लिखत/विवरणको आधारमा शेयर दाखिल खारेज भई शेयरधनी दर्ता किताबमा कायम तथा सिडीएस एण्ड क्लियरिङ्ग लि.मा प्रचलित नियम बमोजिम कायम शेयरधनीले मात्र साधारण सभामा भाग लिन तथा मतदान गर्न सक्नेछन् । नेपाल स्टक एक्सचेन्ज लिमिटेडमा कारोबार भई धितोपत्र व्यवसायी (सदस्य दलाल) को Pool Account मा रहेको शेयरका आधारमा शेयरधनी कायम नहुने भएकाले उल्लिखित मितिभित्र शेयरधनीको खातामा समावेश गर्न समेत सम्बन्धित धितोपत्र व्यवसायीलाई अनुरोध गरिन्छ ।

२) वार्षिक साधारण सभामा उपस्थित भई भाग लिन इच्छुक शेयरधनी महानुभावहरुको सुविधाको लागि हाजिरी किताब सभा शुरु हुनु भन्दा आधाघण्टा अगावै देखि खुला रहनेछ ।

३) सम्पुर्ण शेयरधनी महानुभावहरुलाई वार्षिक प्रतिवेदनका लागि यस कम्पनीको पुल्चोक-३, ललितपुर स्थित प्रधान कार्यालयमा सम्पर्क गर्नुहुन सुचित गरिन्छ । वार्षिक प्रतिवेदन यस कम्पनीको वेवसाईट www.spcl.com.np तथा शेयर रजिष्ट्रार कार्यालय नेपाल एसविआई मर्चेण्ट बैंकिङ्ग लिमिटेडको कार्यालयमा समेत उपलब्ध हुने व्यहोरा सुचित गराईन्छ ।

४) सभामा भाग लिन ईच्छुक शेयरधनीले सभा हुने दिन सभा शुरु हुनुभन्दा पहिला नै उपस्थित भई हाजिर पुस्तिकामा हाजिरी गर्नुपर्ने छ । सो दिन हाजिर पुस्तिका बिहान ९:३० बजे देखि खुल्ला हुनेछ ।

५) सभामा प्रवेशका लागि DMAT Account No. वा आफ्नो परिचय खुल्ने कुनै आधिकारिक परिचयपत्रको प्रतिलिपि अनिवार्य रुपमा लिई आउनु हुन अनुरोध छ । अन्यथा सभाकक्ष भित्र प्रवेश गर्न पाइने छैन ।

६) शेयरधनी समूह "क" बाट सञ्चालक समितिमा प्रतिनिधित्व गर्ने ४ जना सञ्चालकहरुको निर्वाचन सम्बन्धी तालिका कम्पनीको वेभसाइट www.spcl.com.np तथा कम्पनीको सूचना पाटीमा पछि प्रकाशित गरिनेछ ।

७) सभामा भाग लिन, छलफल गर्न र मतदान गर्नको लागि प्रतिनिधि (प्रोक्सी) नियुक्त गर्न चाहने शेयरधनीले सो सम्बन्धी निवेदन सभा सुरु हुनु भन्दा ४८ घण्टा अगावै प्रतिनिधि पत्र (प्रोक्सी) यस कम्पनीको रजिस्टर्ड कार्यालय पुल्चोक-३, ललितपुरमा बुझाई सक्नुपर्नेछ र यसरी प्रतिनिधि नियुक्त गरिएका व्यक्ति कम्पनीको शेयरधनी हुनु आवश्यक छ । उक्त दिन सार्वजनिक बिदा परेको खण्डमा पनि उल्लेखित प्रयोजनको निमित्त कार्यालय खुल्ला रहनेछ ।

८) प्रतिनिधि (प्रोक्सी) नियुक्त गर्दा एकभन्दा बढि व्यक्तिलाई शेयर विभाजन गरि वा अन्य कुनै किसिमबाट छुट्टाएर दिईएको प्रोक्सी बदर हुनेछ । कुनै शेयरधनीले एक भन्दा बढी शेयरधनीलाई प्रतिनिधि नियुक्त गरेको रहेछ भने त्यस्ता प्रतिनिधि पत्र स्वतः खारेज हुनेछ ।

९) प्रतिनिधि (प्रोक्सी) नियुक्त गर्ने शेयरधनीले कुनै कारणवश त्यस्तो प्रतिनिधि बदर गरी आफै सभामा उपस्थित भई सभामा भाग लिन, छलफल गर्न र मतदान गर्न चाहेमा सोको लिखित सूचना सभा शुरु हुनु भन्दा अगावै यस कम्पनीको रजिष्टर्ड कार्यालय पुल्चोक–३, ललितपुरमा बुझाई सक्नुपर्नेछ ।

१०) संयुक्त रुपमा शेयर ग्रहण गर्ने शेयरधनीहरुको हकमा शेयरधनीको लगत किताबमा पहिले नाम उल्लेख भएको व्यक्तिले वा संयुक्त नाम मध्येबाट सर्वसम्मतीमा नियुक्त कुनै एकजना शेयरधनीले वा सर्वसम्मतीबाट नियुक्त प्रतिनिधि (प्रोक्सी) ले मात्र सभामा भाग लिन र मतदान गर्न पाउनेछ ।

११) नाबालक तथा विक्षिप्त शेयरधनीको तर्फबाट संरक्षकको रुपमा नाम दर्ता भएको व्यक्तिले सभामा भाग लिन तथा प्रोक्सी नियुक्त गर्न सक्नुहुनेछ ।

१२) शेयरधनी महानुभावहरुले सभामा उपस्थित हुदाँ सुरक्षाको दृष्टिकोणले यथाशक्य झोला, प्याकेट आदि नलिई आउनुहुन अनुरोध छ । सुरक्षाकर्मीले सभाकक्षमा प्रवेश गर्नको आवश्यकतानुरुप सुरक्षा जाँच गर्नसक्ने हुदाँ सो कार्यमा सहयोग गरिदिनुहुन समेत अनुरोध गरिन्छ ।

१३) सभाको दिन सभा शुरु हुनु भन्दा पहिले नै उपस्थित भईदिनु हुन हार्दिक अनुरोध छ ।

१४) सभा सम्बन्धी अन्य काम कारवाही प्रबन्ध पत्र, निमावली तथा कम्पनी ऐन २०६३ बमोजिम हुनेछ ।

**संचालक समितिको आज्ञाले**

**कम्पनी सचिव**